थाहाका २४ एकल महिलालाई व्यावसायिक तरकारी खेती सम्बन्धी तालिम दिइयो । पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१७, अंक-३४ ● २०८१ फागुन २६ गते सोमबार, ● 10 March, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहाका महिला: अल्लोको कपडा बुन्दै, स्वरोजगार बन्दै

विकास संवाददाता
थाहानगर



मकवानपुरको थाहा नगरपालिका दामनका महिला स्वरोजगार बन्ने उद्देश्यले अल्लोको कपडा बनाउन थालेका छन् । वनमा जताजतै उपलब्ध हुने अल्लोको पाटबाट कपडा बुन्ने यहाँका स्थानीय महिलाले वार्षिक कार्यतालिका बनाएर काम गरिरहेका हुन् । तरकारीको मौसम सकिएपछि महिला वनमा गएर अल्लो ल्याउने र पाटबाट धागो बनाएर कपडा बुन्न व्यस्त हुने गरेका छन् । अहिले थाहानगरका महिला अन्य जिल्लामा अल्लोको पाट निकाल्न र धागोसहित कपडा बुन्न सिकाउन पनि जान थालेका छन् ।

लामो समयसम्म अल्लोको कपडा बनाउने तालिम लिएर काम गर्दै आएकी थाहा नगरपालिकाकी रेश्मा गोपालीले केही वर्ष अगाडि दामन महिला अल्लो ह्याण्डीक्राफ्ट उद्योग दर्ता गरेर समूहमा काम गर्न सुरू गरेको बताईन् । तरकारीखेतीका लागि पकेट क्षेत्र मानिने थाहा नगरकी उनले जग्गा हुनेका लागि खेतीपाती राम्रो भए पनि जग्गा नहुने वा थोरै हुनेका लागि आम्दानीको स्रोत खोज्न मुश्किल परेको भन्दै व्यावसायिक रूपमा अल्लोको कपडा उत्पादन सुरू गरेको जानकारी दिईन् ।

करिब ४० वर्षीया गोपालीले आफ्नो सबै ऊर्जा अल्लोको उद्यम उत्पादनमा लगाउने कोसिसमा रहेको जनाउँदै सुरूआती दिनमा निकै सङ्घर्ष गर्नुपरेको अनुभव सुनाईन् । उनले भने, "खेती गर्न धेरै जग्गा छैन । जागिर पनि भने जस्तो नपाउने भएपछि वनमा पाइने सिस्नो जस्तै हुने अल्लोको पाटबाट कपडा बनाएर बेच्ने सपना देखेँसँगै मैले यसको तालिम लिएको थिएँ ।" उनका अनुसार साथ र सहयोग प्राप्त भएमा स्थानीय अल्लोलाई एउटा उचाइमा लैजाने योजना छ ।

"सिस्नो खाएको र स्वास्थ्यका लागि फाइदा हुने कुरा प्रायःसबैलाई थाहा छ तर सिस्नोबाट कपडा बनाएर लगाउँदा पनि फाइदा हुन्छ भन्ने धेरैलाई थाहा नहुनु सक्छ । वनमा छ्याप्पछ्याप्ती पाइने सिस्नो प्रजातिको अल्लोबाट कपडा बनाउने व्यावसाय सुरू गरेका छौँ । लुगामात्र होइन यसबाट बनेको मोजा र जुत्तासमेत लगाउन पाइन्छ", गोपालीले भनिन् । स्थानीय कोपिला गोपालीले पनि स्वरोजगारका लागि समूहमा बसेर अल्लोको कपडा उत्पादनमा लागेको बताईन् । उनको समूह यतिबेला त्यस क्षेत्रको जङ्गलमा पाइने सिस्नो प्रजातिको अल्लो टिप्न, चुट्न अनि कपडा बुन्न व्यस्त छ । वर्षमा तीन महिना खेतीपाती र बाँकी समय कपडा बुन्नमा खर्चिने उनको भनाइ छ ।

कोपिलाका अनुसार तीन किलो धागोको दशदेखि बाह्र मिटरसम्म तयारी कपडा हुन्छ । बढ्दो बजारको मागसँगै यसको उत्पादन पुऱ्याउन अझ बढी मेहनत गर्नुपर्ने उनको भनाइ छ । अहिले मागबमोजिमको उत्पादनका लागि जनशक्ति कम रहेको कोपिलाले बताईन् । उनले भनिन्, "कपडा बनाउन जति सजिलो छ धागो कात्न कठिन छ, अल्लोबाट धागो बनाउन जङ्गलबाट काँचो लाथ्रा ल्याउनुपर्छ ।"

पाट निकालेपछि सुकाएर ठूलो फलामे कराइमा पकाउने र त्यसपछि फेरि कमेरो माटोमा चोपेर सुकेको पाट खोलामा लगेर दोहोऱ्याएर चुट्नुपर्ने उनले जानकारी दिईन् । "यसपछि मात्र धागोको कच्चा तयार हुन्छ । त्यसैलाई चर्खाको सहायताले धागो निकालिन्छ", उनले भनिन् । वि.सं. २०६६ देखि उद्यम दर्ता गरेर समूहमा भएका महिलाले सञ्चालन गर्दै आएको यो उद्योग हाल स्थानीय सरकार र ग्रिन फाउण्डेशन नेपाल नामक संस्थाको सहकार्यमा उद्यम विकास स्तरोन्नति भइरहेको थाहा-३ का वडाध्यक्ष हिरेन्द्र रायमाझीले जानकारी दिए । उनका अनुसार अब उद्योगमा उत्पादन बढाउनका लागि थप तालिम र भौतिक सहयोगसमेत गर्ने योजना छ ।

यस समूहले ऋषेश्वर सामुदायिक वनमा छ्यापछ्याप्ती पाइने अल्लोलाई प्रशोधन गरेर रेशा निकाली बजारमा रूचाइने आकर्षक डिजाइनमा तयार पारिएको कपडा विदेशीका लागि कोसेलीदेखि लिएर मेला, महोत्सवमा प्रदर्शनमा राखिने रायमाझीले बताए । करिब १५ वर्ष अगाडिसम्म वनमा छ्यापछ्याप्ती पाइने अल्लोबाट कपडा बन्ला भनेरे कहिल्यै नसोचको उनको भनाइ छ । ऋषेश्वर सामुदायिक वनको सक्रियतामा समूहका महिलाले अल्लोबाट कपडा बुन्ने सीप पाएका हुन् । सबैको सहयोगमा नमुना उत्पादन थालेका महिलाले अहिले व्यावसायिक रूपमा कपडा उत्पादन गरि रहेका छन् ।

वनमा आधारित उद्यम विकासका लागि लागिरहेको संस्था ग्रिन फाउण्डेशन नेपालले उद्यमको स्तरीकरण र बजारीकरणमा सहयोग गरिरहेको संस्थाकी कोषाध्यक्ष आरती पाठकले जानकारी दिईन् । उनले भनिन्, "हामीले महिलालाई क्षमता विकासको तालिम मात्र दिएर विकास नहुने रहेछ । यसका लागि आर्थिक अवस्था सुधार गर्न आवश्यक देखियो, त्यसैले महिलालाई उद्यम विकासको अभियान चलाएका हौँ ।"

## महिला सहभागिता व्यवहारमै अड्चन: सांसद मोक्तान

◆ विकास संवाददाता

बागमती प्रदेशका सांसद तथा पुर्व सामाजिक विकास मन्त्री कुमारी मोक्तानले महिलाहरूलाई पुरूष सरह समान अधिकार दिनुपर्ने बताएकी छिन् । थाहानगरको चेतनशिल महिला बचत तथा ऋण सहकारी लिमिटेडको आयोजनामा २३ फागुनमा आयोजित ११५ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा सांसद मोक्तानले यस्तो बताएकी हुन् । कानूनमै लेखेको ठाउँमा पनि महिलाको सहभागिता कार्यान्वयनमा समस्या रहेको बताइन् ।

मोक्तानले संविधानमा पैत्रिक सम्पतिमा छोरा सरह छोरीलाई पनि समान अधिकार दिएको भएपनि समाज अहिले पनि कार्यन्वयनको पक्षमा नरहेको स्मरण गराइन् । थाहा नगरपालिका महिला, बालबालिका तथा जेष्ठ नागरिक समितिका सदस्य पवित्रा सिंह ठकुरीको अध्यक्षता तथा सांसद कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा आयोजित अभिमुखिकरण कार्यक्रममा महिला बिकास कार्यालय मकवानपुरका पुर्व प्रमुख उपसचिव शोभा शाहले महिला ससक्तिकरणको बारेमा जानकारी गराएकी थिइन् । थाहा नगर पालिका महिला, बालबालिका, जेष्ठ नागरिक तथा अपाङ परिचयपत्र शाखाको सहयोगमा सम्पन्न कार्यक्रममा थाहा



नगरपालिका भित्र संचालनमा रहेको महिला सहकारीहरू पुण्यश्री महिला सहकारी, लालीगुराँस महिला बहुउद्देश्यीय, चेतनशील महिला सहकारी, कुटेश्वरी महिला सहकारी, चन्द्रागिरी महिला सहकारी, महिला शक्ति बचत तथा ऋण सहकारी, जागृती उत्थान सहकारीको प्रमुखहरू, वडा सदस्यहरू कविता बिष्ट, सविता सुनार, चन्द्रमाया थिङ, शशी बिक, राममाया गोले, महिला तथा बालकालिका शाखा प्रमुख प्रतिमा मोक्तान, थाहा नगरपालिका न्यायिक सहजकर्ता गोपी कुमारी कार्की, नगरपालिकाका अमिन शोभा भण्डारी, पुण्यश्री साकोसका अध्यक्ष ईश्वरी शाही ठकुरी, महिला शक्ति साकोसका अध्यक्ष सुनिता दोङ लगायतका उपस्तिथि रहेको थियो ।

कार्यक्रमलाई चेतनशील महिला सहकारीका अध्यक्ष शकुन्तला गोपालीले संचालन गरेकी थिइन् ।

ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।

क्षयरोग सम्बन्धी जनहीतमा जारी सन्देश !

क्षयरोग रोकथाम र उपचारबाट नियन्त्रण हुने रोग हो । तलका लक्षणहरु मध्ये कुनै एक देखिएमा तुरुन्तै स्वास्थ्य संस्थामा गई निःशुल्क खकार जचाँऔं ।



थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर



सबै क्षयरोगको जाँच उपचार स्वास्थ्य संस्थामा निःशुल्क पाइन्छ।
साथै, पूर्ण रुपमा औषधि सेवन गरे क्षयरोग निको हुन्छ।

# • सम्पादकीय •

## विकासको बिउ, ग्रामिण विकास

विकास आफैमा एक गतिशील तथा प्रगतिशील प्रक्रिया हो । विकास विनाको अवस्था र व्यवस्था हामी कल्पना पनि गर्न सक्दैनौ सायद । समयको माग र आवश्यकता सँगै विकासको गति पनि परिवर्तन हुने गर्दछ । विकास रूपान्तरणकारी प्रक्रिया पनि हो । त्यसैमा पनि अझ वर्तमान समयमा विकाससँग जोडिएको दिगो विकासलाई पनि सँग सँगै लीन कसरी सम्भव छ, भन्ने कुरामालाई पनि विशेष जोड दिन आवश्यक छ । विकास केन्द्रीकृत नभई ग्रामीण क्षेत्रमा विकेन्द्रिकृत गरी तीव्र गतिका विकासको मूल फुटाउन आवश्यक छ । समाज दिन प्रति दिन रूपान्तरण र चलायमानको प्रक्रियामा छ । त्यस सँगै ग्रामीण बस्ती तथा इलाकामा पनि विकास र निमार्र्णको गति तिब्रत्तर हुनु पर्दछ । समाज रुपान्तणको लागि हरेक क्षेत्रमा कुनै न कुनै रूपमा विकास हुनु पर्दछ । दिन प्रति दिन कुनै न कुनै रूपमा विकास त भई नै रहेको छ । तर जुन रूपमा ग्रामीण इलाका वा क्षेत्रमा विकास हुनु पर्ने हो त्यो चाही भएको पाइँदैन । अरूले गरिदेला र हामीलाई सहज होला भन्ने मानसिकता बाट विच्छीप्त हामी कहिले सम्म हुने ? हामी काममा भन्दा नि गफ गाफ र मौनतामा बढी रुमलिन पुगेका छौँ ।

अरूको मुख ताक्ने प्रकृतिले गर्दा सामान्य विकास निमार्णका कार्य पनि गर्न हामीलाई धौ धौ परि राखेको अवस्था छ । हिजो जुन अवस्था थियो आज त्यो अवस्था अवश्य छैन नै । कसैले भोगेका, कसैले देखेको र कसैले सुनेका कुरा पहिले पहिले ग्रामीण क्षेत्रका बाटो, घाटो, कुल कुलेशा, पुल पुलेसाको काम सामूहिक रूपमा ग्रामीण स्तरका जनसमुदाय मार्फत जनसर्मदान बाट नै हुने गर्दथ्यो । तर आज सामान्य खानेपानीको पाइप जोडन नि हामी अरूको प्रतीक्षामा छौँ । हामी युवामा जोस जाँगर त छ तर हाम्रो जोस जाँगर खरानी रूपी भएको छ । अरूको परनिर्भरतामा रहने प्रवृत्तिको अन्त्य नै अहिलेको विकासको मूल विकल्पको आधार हो । हिजो भन्दा आज विकास त भएको छ र हुनु पनि पर्छ । यो विकासको सामान्य चरण पनि हो । तर सामान्य विकास निमार्णको काम पनि अरूको निर्भरतामा भएको छ । बुहसंख्यक जनसंख्या ग्रामीण क्षेत्र भएको कुरा हामी सबैलाई सर्वविदितै छ । ग्रामीण इलाकामा बस्ने हाम्रो जमात पनि ठुलै छ । त्यसका पनि युवा पुस्ताको संख्या पनि धेरै छ । आज आज भोलि भोलि जसरी हुन्छ हाम्रो जोस र जाँगर ग्रामीण पूर्वाधार विकासमा केही प्रतिशत भए पनि लगाउन र खर्च गर्न सकियो भने नि सरकारको लागि र हाम्रै समाजको लागि पनि धेरै राम्रो हुने थियो । परनिर्भरताको बाटो छाडि आफ्नो ठाउँ आफै बनाऊ भन्ने उद्देश्य राख्यो भने विकास निमार्णको कार्यले अवश्य गति लिनेछ ।

ग्रामीण क्षेत्रको युवा पुस्ताको अगुवाइमा विकास गरी ग्रामीण क्षेत्रलाई थप हराभरा र कृषि उत्पादन तथा पकड क्षेत्रको रूपमा विकास गर्नु पर्छ । ग्रामीण क्षेत्रको ऊर्जा रूपी माटोलाई उत्पादनशील क्षेत्रमा प्रयोग गरी कृषिमा आधुनिकीकरण ल्याई ग्रामीण क्षेत्रबाट पलायन हुने भन्दा नि आक्रशण गर्ने थलोको रूपमा विकास गर्नु पर्छ । पर्याप्तता स्रोत साधन हुँदा हुँदै पनि अरूको आस गर्ने बानीले गर्दा हामी ग्रामीण परिवेश भुल्न थालेका छौँ । युवा पुस्तामा हुने महत्वकाक्षी विचार र सोचले गर्दा आज हाम्रो ग्रामीण क्षेत्र ओझेलमा परेको छ । दिन प्रतिदिन हुने दक्ष युवा जमातको पलायनको कारणले गर्दा पनि हामी विकासमा पछि परिराखेका छौँ । अझैँ पनि माल पाएर पनि चाल पाउन सकेन भने हामी विकासको क्षेत्रमा कछुवाकै गतिमा हुने पक्का छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सहर खायो खुद्रे भोटर आयोजनाले



◆ कृष्णप्रसाद सापकोटा

नेपालमा संघीयताआइसकेपछि ७ सय ५३ वटा स्थानीय सरकार र ७ प्रदेश पनि थपिए । नेपालको संविधान २०७२ ले अनुसूची ५, ६ र ८ मा तीनै तहका सरकारको क्षेत्राधिकार छुट्याएको छ । संविधानले छुट्याए पनि कतिपय विषयवस्तु तीन तहकै सरकारको साझा विषयवस्तुका रूपमा आएका छन् ।

नगर धेरै मान्छे बस्ने ठूलो घर हो । मानव बसोबास विकाससँगै यातायात, विद्युत, खानेपानी, शिक्षा, स्वास्थ्य लगायत सुविधा आवश्यक हुन्छ । त्यतिमात्र होइन, मानव सिर्जित फोहोरमैला व्यवस्थापन गर्नुपर्छ । त्यसकारण अरू पूर्वाधार विकास गरे जस्तो नगर विकास हुँदैन । नगर विकासका लागि एकीकृत विकास आवश्यक हुन्छ । एकीकृत रूपमा नगर विकास नगरी हेर्नलायक नगर बन्दै बन्दैन । हाम्रो छिमेकी भारतकै उदाहरण हेर्न सकिन्छ । त्यहाँको पुरानो र नयाँदिल्लीमा धेरै फरक छ । पुरानो दिल्ली भनेको बसोबास बढ्दै जाँदा आफसेआफ नगर बन्यो ।

त्यहाँको सहरी जीवन नै फरक छ । तर, नयाँदिल्ली भने नगर विकासको योजना सहित विकास भयो । त्यसमा खानेपानी, बिजुली, पानी, फोहोरमैला व्यवस्थापन, बोटबिरूवा, हरियाली, खेल्ने ठाउँ, अस्पताल, क्याम्पस, व्यापार क्षेत्र लगायत सबै कुराको एकीकृत विकास भएको छ । एउटा व्यवस्थित विकास भयो र अर्को अव्यवस्थित विकास भयो । स्थानीय सरकारले आफ्नो नगर कस्तो बनाउने भनेर परिकल्पना गर्न सक्छ । आफ्नो नगरको कुन-कुन क्षेत्रमा के-के विषय समावेश गर्ने, एकीकृत योजना कस्तो बनाउने भनेर स्थानीय सरकारले रूपरेखा कोर्न सक्छन् । साथै, उनीहरूसँग के बनाउने के नबनाउने भनेर एकीकृत सहर विकास गर्न योजना हुन आवश्यक छ । अनि, त्यही योजनाभित्र बसेर मात्रै उनीहरू अघि बढ्न सक्छन् ।

एकीकृत सहर विकास योजना नभई नगर विकास हुन सक्दैन र त्यो विषयमा नगरपालिकाहरू सचेत हुनुपर्छ । हरेक ५ वर्षमा स्थानीय सरकारको नेतृत्व फेरिने संवैधानिक व्यवस्था छ । त्यही अनुसार परिवर्तन हुने मेयरहरूले अघिल्लो कार्यकालमा भएका काम सुधार्नुपर्ने रहेछ भने सुधार गर्दै जानुपर्छ । योजना बनिसकेपछि बल्ल लगानीको कुरा आउँछ । बाटो, फोहोरमैला, ढल, दिसाजन्य लेदो पदार्थ व्यवस्थापन, कृषि बजार, नदीनाला सरसफाइ लगायत यावत विषयमा लगानी आवश्यक हुन्छ । त्यो कहाँबाट ल्याउने स्थानीय तहलाई लगानीको विषय चुनौतीपूर्ण नै हुन्छ ।

एकीकृत योजना बनाएर आम्दानीप्राप्त हुने खालका काम गर्नुपर्‍यो भने नगर विकास कोषले सहयोग गर्छ । ठूला सडक पूर्वाधार बनाउनु छ भने संघीय सरकार सँग माग गर्नुपर्ला । स-साना आन्तरिक सडक आफैंले बनाउन सकिएला ।

यी सबै कुरा व्यवस्थापन गर्न कसको सहयोग लिने, नेपालमा उपलब्ध स्रोत साधन प्रयोग गरेर आफ्नो नगर विकासका लागि कहाँबाट स्रोत जुटाउन सकिन्छ भन्ने कुरामा नगर प्रमुखले खोजी गर्नुपर्छ । साथै, आफ्नो योजनाभन्दा बाहिर लगानी गर्न दिनु हुँदैन । जसले जसरी लगानी गरे पनि, जे बनाए पनि हुन्छ भन्दै लगानी गर्दै जाँदा हाम्रा नगरहरू अव्यवस्थित भएका हुन् । त्यसैले व्यवस्थित नगर विकासमा पहिलो जिम्मेवार स्थानीय सरकार नै हुन्छ । त्यसपछि एकीकृत विकास योजनाभित्र बसेर नगर निर्माण आवश्यकताका आधारमा स्थानीय सरकारले मागे बमोजिम पूर्वाधार विकास गर्न प्रदेश र संघ सरकारले भूमिका खेलिदिनुपर्छ । संघ र प्रदेश सरकारले आफ्नो सुरमा स्थानीय सरकारको आवश्यकता, चाहना ख्याल नगरी लगानी गर्नु हुँदैन । आफ्नो सुरमा लगानी गर्ने हो भने प्रतिफल पाउन सकिँदैन र फलस्वरूप अव्यवस्थित सहर निर्माण हुन्छन् । योजना र आवश्यकता नहेरी बजेट विनियोजन गर्दा सहर बनाउन नसकिएका उदाहरण हामीसँगै छन् ।

सरकारले अव्यवस्थित सहरीकरण रोकथामका लागि भन्दै आर्थिक वर्ष २०६७/६८ को नीति तथा कार्यक्रममा राष्ट्रिय गौरवको मध्यपहाडी लोकमार्गमा १० नयाँ सहर बनाउने घोषणा गर्‍यो । त्यसयता राष्ट्रिय गौरवकै हुलाकी राजमार्गमा १० वटा तथा तराई एवं पहाडको बीच भित्री मधेसमा ५ नयाँ सहर थपिएका छन् । यसैबीच मध्यपहाडी लोकमार्गमा नयाँ सहर संख्या बढाएर १२ पुर्‍याइ देशभरि कुल २७ नयाँ सहर निर्माण घोषणा भएको छ ।

तर, बजेट विनियोजन र कामको अवस्था भने राजनीतिक स्वार्थमा भर पर्छ । एउटा मन्त्रीको पालामा एउटा नगर, अर्को मन्त्री हुँदा अर्को नगरमा पैसा बढी विनियोजन हुन्छ । नयाँ सहर बनाउने दायित्व एउटा मन्त्रीको मात्रै होइन, सरकारकै हो । २०६७/६८ मा पहाडको जनसंख्या तराईमा झर्न नदिने भनेर नयाँ सहर घोषणा गरिएपछि ५ वर्षमा काम सम्पन्न गर्न सकेको भए मध्यपहाडी राजमार्गले उत्पादन र रोजगारीमा नयाँ आयाम थप्ने थियो । अहिलेसम्म लगानीका लागि स्थानीय र प्रदेश सरकारको एउटै स्रोत संघीय सरकार हो ।

अनि, त्यही संघ सरकारले नगर विकास प्राथमिकीकरणमा भूमिका खेल्न सकेन भने हाम्रा नगरहरू कहिल्यै पनि व्यवस्थित बन्दैनन् । विडम्बना भन्नुपर्छ कुनै पनि नगरले एकीकृत विकास योजनामा आधारित भएर योजना मागेका पनि छैनन् । संघ र प्रदेश सरकारले पनि लगानी गर्ने बेला प्रस्तावकसँग योजनाविनाको आयोजनामा लगानी गर्दैनौं भनेको देखिँदैन । १२ पुस २०८० को मन्त्रिपरिषद् बठकले 'आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०' स्वीकृत गरेको छ । मापदण्डको पहिलो परिच्छेदमै ३ करोड लागत अनुमान भन्दा कमका आयोजना संघ र १ करोड रूपैयाँभन्दा थोरै लागत अनुमान भएका आयोजनामा प्रदेशले बजेट विनियोजन नगर्ने उल्लेख छ । तर, अफैंले बनाएको मापदण्ड लत्याएर सरकारले चालु आव २०८१/८२ को बजेट बनाउँदा १ लाख लागतका खुद्रे आयोजनामा पनि रकम छुट्याएको छ । अहिलेको बजेट निर्माणको विधि, प्रक्रिया र स्रोत विनियोजन हेर्दा आन्तरिक ऋण लिएर गरेको विकासको औचित्य पुष्टि हुन सक्दैन र नगरहरू पनि बन्न सक्दैनन् ।

सोचेको जस्तो नगरहरू विकास नहुनुमा हामी योजना बनाउँदा, बजेट विनियोजन गर्दा र कार्यान्वयमा चुकिरहेका छौं । हाम्रो बजेट व्यवस्थित नगर निर्माणतिर गएको छैन । भविष्यमा यसको नकारात्मक प्रभाव बढी हुन्छ । ठूला प्राकृतिक प्रकोप हुँदा मानवीय क्षति बेहोर्नुपर्ने हुन सक्छ । यसरी नै बस्ती विकास हुँदै जाने हो भने विकासका पूर्वाधार बिजुली, पानी, फोहोरमैला व्यवस्थापन थप चुनौतीपूर्ण हुन्छ । घरबाट निस्किएको फोहोर व्यवस्थापन गर्नतिर लागेका छैनौं । अनि बागमती, विष्णुमती दुर्घन्धित भयो भनिरहेका छौं । यो सहर नबन्दा, मान्छे नबस्दायी नदीहरू गन्हाएका थिए र ? बागमती, विष्णुमतीमा पौडी खेलेका मानिस अहिले पनि भेटिन्छन् । मानवजन्य क्रियाकलाप नियन्त्रण गर्न नसक्दाको परिणाम अहिले देखिँदै छ ।त्यसको नियन्त्रण गर्नु भनेको समस्या समाधान गर्नु हो । समस्या समाधान हुने पूर्वाधार नबनाइ हामीले बसोबासयोग्य नगर बनाउन सक्दैनौं ।

राष्ट्रिय योजना आयोगको १६औं पञ्च वर्षीय योजना बमोजिमका राष्ट्रिय गौरवका आयोजना, राष्ट्रिय प्राथमिकताका आयोजना र बहुराष्ट्रिय विकास बैंकको सहयोगमा सञ्चालित आयोजनामा विनियोजन गरिने बजेटले मात्र राष्ट्र निर्माण एवं सहर निर्माणलार्य दिशानिर्देश गरेको देखिन्छ । यसको उदारहणका रूपमा विभिन्न जलविद्युत् आयोजना, सिँचाइ आयोजना, राष्ट्रिय राजमार्ग, राष्ट्रिय एवं अन्तराष्ट्रिय विमानस्थल, इटहरी, विराटनगर, जनकपुर, वीरगञ्ज, पोखरा, भरतपुर, बुटवल, भैरहवा, नेपालगञ्ज र धनगढी सहर लिन सकिन्छ ।

संघीय सरकारको नीति तथा कार्यक्रम एवं बजेट, प्रदेश सरकारका नीति तथा कार्यक्रम एवं बजेट र स्थानीय सरकारका नीति तथा कार्यक्रम एवं बजेट मूल्यांकन गरेर हेर्दा बजेटमा समावेश गरिने आधारभूत विकाससँग सम्बन्धित खुद्रे भोटर आयोजनामा (नेताहरूले भोट जम्मा गर्ने आयोजना वा भोटर खुसी पार्ने आयोजना) गरिएको राज्यको लगानी र विकासले सहरहरू थप अव्यवस्थित हुँदै गएका छन् । अहिले सार्वजनिक निकायले गरेका लगानी पूर्वाधारमा आधारित भयो । यो सहर बनाउने भनेर गरेको लगानी नै होइन । यस्तो हुनुका कारण हामी व्यस्थित लगानीको बाटोमा छिरेका छैनौं । राज्यले सहरी विकासको बाटो अंगिकार गरेको छैन, गलत बाटो हिँडेर कहाँ सहर विकास हुन्छ र ? प्रशासनिक नेतृत्वले यो विषयलाई महसुस गरे पनि कार्यान्वयन गर्न सकिरहेको छैन ।

सरकारको नीति तथा कार्यक्रम एवं बजेटमा लेखिने सहरी विकासका राम्रा नारा एवं भोटर आयोजनाले सहरहरू बसोबासयोग्य नभई कंक्रिटको जंगलमात्र बन्ने भएकाले सहर निर्माणमा गरिने लगानीलाई एकीकृत विकासको अवधारणामा व्यवस्थित गर्न आवश्यक भएकाले 'राष्ट्रिय सहरी नीति २०८१' बमोजिम सहरी विकास ऐन ल्याई व्यवस्थित सहर निर्माण गरौं ।

# होली असुरक्षित हुनसक्छ हैै, यी ४ अवस्थामा !

होली मनाउने क्रममा घरको छतबाट लडेको, मोटरसाइकल दुर्घटनामा परेको, लोलाले आँखा वा कानमा गंभिर असर पुगेको घटना बारम्बार सुनिने गर्छ । खासमा त यो रङहरूको उत्सव हो, जसलाई सद्भावपूर्वक खेल्ने गरिन्छ । तर, कतिपय गल्ती, कमजोरीले गर्दा होली बिर्सनलायक बन्ने गर्छ । के-कस्तो अवस्थामा होली जोखिमपूर्ण हुनसक्छ ?



### छतबाट लड्ने जोखिम

होली बालबालिकाका लागि जति रोमाञ्चक हुन्छ, उति नै जोखिमपूर्ण पनि । होली खेल्दा पानी छ्यापाछ्याप गर्दा त्यो पानीमा नै चिप्लिएर बच्चाहरू लड्ने सम्भावना हुन्छ ।

रङकै मामलामा पनि सानो असावधानीले बालबालिकाको जीवनमा ठूलै समस्या निम्त्याउन सक्छ । त्यसैले, बालबालिकाको साथमा होलीको तयारी गर्दा उनीहरूको सुरक्षाबारे पनि विशेष ध्यान दिनुपर्छ ।

### संवेदनशील अंगमा असर

पानी भरिएको लोला खेल्न त निकै रमाइलो हुन्छ । बालकदेखि युवासम्म लोला भनेपछि मक्ख पर्ने गर्छन् । कतिपयले होलीमा बाटोमा हिँडिरहेका व्यक्तिलाई जथाभावी लोलाले हान्ने गरेको पनि पाइन्छ । तर, जोरले लोला हान्नाले चोट पटक लाग्न सक्छ । आँखा, छाला तथा कानमा क्षति पुग्नसक्छ । त्यसैले लोलाको प्रयोग गरेर होली खेल्नु भन्दा पिचकारीको प्रयोग गरेर होली खोल्नु राम्रो हुन्छ ।

### बाइक दुर्घटनाको भय

कतिपयको होली भाङ नखाएसम्म पूरा हुँदैन भन्छन् । त्यसैले होलीमा भाङलगायतका अन्य नशालु वस्तुको सेवन गर्ने धेरै हुन्छन् । तर, यस्ता नशालु पदार्थ सेवन गर्दा विभिन्न समस्या हुन सक्छ, जसका बारेमा सचेत हुनु अत्यन्त जरूरी हुन्छ ।

विशेष गरी ठूला सहरमा युवा-युवतीहरू भाङ तथा अन्य नशालु पदार्थ खाएर बाइक कुदाउने गर्छन् । यसरी नशालु पदार्थ खाएर बाइक तथा अन्य सवारी साधन कुदाउँदा दुर्घटना हुने सम्भावना हुन्छ । त्यसैले नशालु पदार्थ खाएर बाइक तथा अन्य सवारी साधन नचलाउनु नै राम्रो हुन्छ ।

### छालाको जटिल समस्या

होलीको नाममा बजारमा विभिन्न किसिमको सिन्थेटिक रङ बेच्न राखिएको हुन्छ, जुन केमिकलयुक्त हुन्छ । छालाको सम्पर्कमा आउनासाथ यसले छालालाई विभिन्न किसिमले हानी गर्छ । बजारमा पाइने कतिपय रङ्गहरूमा रसायन मिसाइएको हुन्छ जसले शरीरमा क्यान्सर समेत गराउँछ । त्यसैले होली खेल्न प्राकृतिक रङ्गको व्यवस्था गर्नु उत्तम हुन्छ ।

# कुन उमेरका बालबालिका दिनमा कति घण्टा सुत्नुपर्छ ?

बाबुआमालाई सबैभन्दा ठूलो समस्या बच्चालाई सुताउनु हो । थोरै हलचल वा हल्का असहज भएमा पनि उनीहरूको निद्रामा दखल पुग्न सक्छ । निद्रा नपुगेर उनीहरू रूने र झर्को मान्ने गर्छन् । त्यसपछि फकाएर सुताउन कठिन पर्छ । जसकारण उनीहरूलाई निदाउन सहज पार्ने वातावारण बनाउनुपर्छ । किनकी, उनीहरूको समग्र विकासका लागि लामो निद्रा आवश्यक छ । उनीहरूलाई रातको निद्राले मात्र पुग्दैन । दिनमा पनि उत्तिकै निद्रा चाहिन्छ ।

### खासमा बच्चालाई दिनमा कति घण्टा निद्राको आवश्यक पर्छ त ?

जन्मिएको केही दिन नवजात शिशु धेरै सुत्छन् । उनीहरू भोक लागेपछि मात्रै उठ्छन् । नवजात शिशुहरूको सामान्यतया निदाउने र ब्युँझिने नियमित चक्र हुँदैन । उनीहरू पटक-पटक गरेर दैनिक १६ देखि २० घण्टासम्म सुत्छन् । यस्तोमा उनीहरू नउठे पनि दूध खुवाउन उठाउनुपर्छ ।

तर, तीन महिनाबाट उमेर बढ्दै जाँदा उनीहरूको निद्राको अवधि घट्दै जान्छ ।

### ३-४ महिना

३ देखि ४ महिनाका बच्चाहरूलाई दिनमा मात्रै कम्तिमा ५ घण्टा निद्रा आवश्यक पर्छ । दिन र रात गरेर १४ देखि १७ घण्टा निदाउनुपर्छ । किनकी यो उमेरका शिशुको शारीरिक र मानसिक विकास तीव्र गतिमा निद्राको समयमा हुन्छ । यस उमेरका बच्चाहरू लामो समयसम्म सुत्छन् । दिनमा ३-४ पटक उठ्ने र ब्युँझिने गर्नु सामान्य हो। यद्यपि, दिनमा ५ घण्टाभन्दा बढी सुताउनु भने हुँदैन ।

### ५-७ महिना

जब बच्चाहरू ५ देखि ७ महिनाका हुन्छन्, उनीहरूको दिनको निद्रा समय लगभग ४ घण्टाले घट्छ। उनीहरूलाई प्रतिदिन १२ देखि १५ घण्टा सुत्नुपर्छ । यो उमेरमा बालबालिका बढी सक्रिय हुन्छन् । र, उनीहरूको मांसपेशी पनि बलियो हुनथाल्छ । यस समयमा तिनीहरूले आफ्नो वरिपरिका चीजहरू अवलोकन गर्ने र त्यसबाट सिक्छन् ।

यो उमेरका, बच्चाहरू बढी सतर्क हुन्छन् । उनीहरूको ध्यान आकर्षित गर्ने कुराहरूमा उत्साहित हुन्छन्। त्यसैले, दिनको समयमा उनीहरूको सुत्ने समय पनि कम हुन्छ। केही बच्चाहरूलाई अलि बढी निद्रा आवश्यक पर्न सक्छ । यो अवधिमा रातबाहेक दिनमा ४ घण्टाको निद्रा पर्याप्त हुन्छ ।

### ७-९ महिना

७ देखि ९ महिनाको बच्चाका लागि दिनको सुत्ने समय अझ कम हुन्छ। यस उमेरका बच्चाहरू सामान्यतया दिनमा धेरै समयसम्म ब्युँझिरहन्छन् । उनीहरू रातमा सुत्ने बानी विकास गर्न थाल्छन्। यस समयमा दिनको निद्रा साढे तीन घण्टाको हुनुपर्छ । २४ घण्टामा १३ घण्टा सुते पुग्छ । यस उमेरमा बालबालिकाको शारीरिक विकास तीव्र गतिमा हुन्छ । उनीहरू घिस्रिएर हिडँने, बस्ने गर्न थाल्छन्। त्यसैले, तिनीहरू दिनमा धेरै समयसम्म जागिरहेका हुन्छन् ।

### १०-२४ महिना

१० देखि २४ महिनासम्मका बच्चाका लागि दिनको निद्रा २ देखि ३ घण्टाको बीचमा हुनुपर्छ। दिन र रात गरेर उनीहरू १२ घण्टा सुत्छन् । यस उमेरमा बच्चाहरू छोटो ब्रेकमा धेरै पटक सुत्छन् । र, बढी सक्रिय हुन्छन् । यो उमेरमा उनीहरू खेलकुद, नयाँ कुरा सिक्ने र शारीरिक गतिविधिहरूमा बढी व्यस्त हुन्छन्, जसले गर्दा उनीहरूको दिउँसोको निद्रा कम हुन्छ ।

यद्यपि, उनीहरूको निद्रा रातमा बढी स्थिर हुन्छ । उनीहरू रातमा राम्रोसँग निदाउँछन्। त्यसैले, यस उमेरका बच्चाहरूका लागि दिनको २ देखि ३ घण्टाको निद्रा पर्याप्त हुन्छ, तर केही बच्चाहरू अलि बढी सुत्न सक्छन् ।

### किन बच्चालाई धेरै निद्रा आवश्यक पर्छ ?

-बच्चाहरूको मस्तिष्क तीव्र गतिमा विकास भइरहेको हुन्छ । उक्त विकास निदाएका बेला सम्भव हुन्छ ।

-निद्राको समयमा वृद्धि (ग्रोथ) हर्मोन सक्रिय हुन्छ, जसले बच्चाको शारीरिक वृद्धि तथा मांसपेशीको विकासमा मद्दत गर्छ ।

-बच्चाहरू पर्याप्त नलिएमा उनीहरूमा चिडचिडापन, रिस र निराशाजस्ता भावनात्मक समस्याहरू अनुभव गर्न सक्छन् ।

-राम्रो निद्राले सिकाइ र सम्झने क्षमतामा सुधार ल्याउँछ ।

### निद्रा पुगेन भने के हुन्छ ?

यदि बच्चाहरूले पर्याप्त निद्रा पाएनन् भने तिनीहरूको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्न सक्छ । जस्तो कि,

-निद्रा नपुगेका बच्चाहरू दिनभर थकित महसुस गर्छन् । र, सानातिना कुरामा झर्को मान्न थाल्छन् ।

-सिकाइ क्षमतामा कमी आउन सक्छ । निद्राले मस्तिष्कलाई आराम दिने भएकाले यदि बच्चाले राम्रोसँग नसुते भने उनीहरूको ध्यान, स्मरणशक्ति, र सिकाइ क्षमतामा ह्रास आउँछ ।


नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा

बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर



थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सवै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# युवा संघबाट थाहानगरका विरामीलाई आर्थिक सहयोग

◆ विकास संवाददाता

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ, नेपाल थाहानगर कमिटीले अधिवेशनकै दिन विरामीलाई आर्थिक सहयोग गरेको छ ।

थाहानगर अधिवेशनको अवसरमा थाहा ७ का मृगौला रोग पीडित जुनु तमाङलाई १७ हजार ७ सय ७० रूपियाँ आर्थिक सहयोग गरेको नवनिर्वाचित अध्यक्ष सुमन रायमाझीले जानकारी दिए । अध्यक्ष रायमाझीले अधिवेशनमा संकलन गरी पीडित तमाङका भिनाजु



शरण मोक्तानलाई बुझाएका हुन् ।

पीडित जुनु तमाङलाई थप सहयोग गर्न युवा संघले अपिल पनि गरेको छ ।


## थाहा नगरपालिका
### विपद व्यवस्थापन शाखा
इन्द्रायणी चौर

## अत्यन्त जरुरी सूचना !

**आगो एक असल नोकर हो भने खराब मालिक । आगोको सानो झिल्कोले वन डढेलोको रुप लिन सक्दछ । हाम्रो सानो लापर्वाहीले जनधनको क्षति भई ठूलो बिपत्ती निम्त्याउन सक्दछ । यस हिउँद यामको गर्मी र सुख्खा मौसममा डढेलो लाग्ने धेरै सम्भावना रहन्छ । सुख्खा हावा र हुरीबतासले यसलाई झन् बढाउँछ । आगो लाग्नै नदिनु आगलागी तथा डढेलोबाट बच्ने सर्वोत्तम उपाय हो । त्यसैले सावधान रहौ ।**

**डढेलो रोकथाम तथा नियन्त्रण गर्ने उपायहरू:**

१) हुरीबतास चलेको समयमा खुल्ला ठाउँमा आगो नबालौं । आगो बाल्दा होसियार रहौं आगोको काम सकिएपछि राम्ररी निभाऔं ।
२) सलाई, लाइटरजस्ता अगो बाल्न प्रयोग हुने वस्तुहरु बालबालिकाहरूबाट टाढा र सुरक्षित स्थानमा राखौं ।
३) पेट्रोल, डिजेल, खाना पकाउने ग्यास, म तिेल जस्ता प्रज्वलनशील पदार्थहरु सुरक्षित स्थानमा राखौं र होसियारी पूवर्क प्रयोग गरौं ।
४) चुरोट, बिडीका बलेका ठुटा जथाभाबी नफालौं तथा राँको बालेर नहिँडौं ।
५) सल्लाको वन भएको क्षेत्रमा वन डढेलो नियन्त्रण गर्न विशेष ध्यान पुऱ्याऔं ।
६) वन क्षेत्रमा मानिसहरु हिँड्ने बाटोको दायँबायाँ तथा घरबारी वरिपरि रहेका सल्लीपिर (कसम) पातपतिर जस्ता सजिलै बल्नसक्ने पदार्थहरूलाई हटाई सफा राखौं ।
७) पानीका मुहान, पोखरी, रहको सुरक्षा गरौं । आक्स्मिक उपयोगको लागि आफ्नो घरमा पानी जम्मा गरेर राख्ने गरौं ।
(८) गाउँटोलमा आगलागी तथा वन डढेलोको रोकथामबारे कुरा गरौं, विपदबाट बचौं र बचाऔं ।
९) आगलागी भइहालेमा स्थानीय प्रशासन, प्रहरी, नेपाली सेना तथा नजिकको वन कार्यालयमा तुरुन्त खबर गरौं । आफ्नो ज्यानको खतरा नहुने गरी वन डढेलो निभाऔं ।
१०) वनमा आगो लगाउनु दण्डनीय अपराध हो । डढेलो लगाउने व्यक्तिलाई पहिचान गरौं र कानुनी कारबाही गराऔं ।
११) चोरी सिकारी गर्ने क्रममा समेत वनमा आगलागी हुने गरेकोले आगो र चोरी सिकारी गर्नेलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन बमोजिम १५ हजार रूपैयाँदेखि दश लाख रूपैयाँसम्म जरिवाना वा तीन महिनादेखि १५ वर्षसम्म कैद वा दुवै सजाय हुने भएकाले यस्तो कार्य कसैले पनि नगरौं, नगराऔं ।

**विपद हटलाइन नम्बर:**
**९७०४१२५७५७ र ९७६७५७०९००**


# मत्स्य विकास केन्द्र कुलेखानीमा आठ महिनामा तीन लाखभन्दा बढी राजस्व संकलन

◆ विकास संवाददाता




मत्स्य विकास केन्द्र कुलेखानी मकवानपुरले चालु आर्थिक वर्षको आठ महिनामा तीन लाख भन्दा बढी राजस्व संकलन गरेको छ । केन्द्रले चालु आर्थिक वर्षको फागुण महिना सम्ममा तीन लाख ३८ हजार २ सय २१ रूपैयाँ राजस्व संकलन गरेको हो ।

कुल एक हजार चार सय ३२ किलो विभिन्न जातको माछा विक्रीबाट उक्त राजस्व संकलन गरिएको मत्स्य विकास केन्द्र कुलेखानीका मत्स्य विकास अधिकृत मनिता पौडेलले जानकारी दिइन् । पौडेलका अनुसार केन्द्रले चालु आर्थिक बर्षको साउन महिनामा केज र तियारीबाट एक सय ८० किलो माछा उत्पादन गरि बिक्री गर्दा चार हजार चार सय ३७ रूपौयाँ राजस्व संकलन गरेको छ ।

त्यसैगरी भदौ महिनामा तीस हजार दुई सय ३८ असोजमा २९ हजार तीन सय ३६, कार्तिक महिनामा एक लाख ६ हजार चार सय १६, मंसिर महिनामा ६ हजार ६ सय एक र पुस महिनामा केन्द्रले चालु आवको हालसम्मकै बढी एक लाख १७ हजार तीन सय राजस्व संकलन गरेको मत्स्य विकास अधिकृत पौडेलले जानकारी दिइन् । साथै केन्द्रले फागुण महिनामा तीन हजार ९ सय ६० रूपौयाँ राजस्व संकलन गरेको छ भने माघ महिनामा भने माछा बिक्री नगरिएको पौडेलको भनाई छ ।

केन्द्रले गत आवमा २ हजार ५ सय १८ किलो माछा विक्री गरेर ६ लाख २७ हजार राजस्व संकलन गरेको जनाएको छ । मकवानपुरको इन्द्रसरोवर तालमा केन्द्रले उत्पादन गरेको माछा स्थानिय स्तरमा नै खपत हुने गरेको मत्स्य अधिकृत पौडेलको भनाई छ । केन्द्रले हाल सिल्भर, बिगहेड, कमन ग्रास, रोहु, नैनी, भाकुर, टीलापिया, सहर र कत्ले जातका माछा उत्पादन गरि बिक्री गर्ने गरेको छ ।

मागको आधारमा माछा उत्पादन गर्न नसकिएको र चालु आवमा दुई हजार भन्दा बढी माछा उत्पादन गरि बिक्री गर्ने लक्ष्य रहेको मत्स्य विकास अधिकृत पौडेलले बताइन् । तालको रिजरभ्वायर को जलिय विविधता संरक्षण तथा यसमा आश्रित समुदायको जीवनस्तर उकास्ने हेतुले केन्द्रले विगतका बर्षभैं गत भदौ महिनाको तेस्रो साता २ लाख भुरा माछा तालमा छाडेको जनाएको छ । साथै केन्द्रले स्थानिय विद्यालयका विद्यार्थी र कर्मचारीलाई नेपालमा माछा पालनका लागि योग्य माछाका जातहरू माछाको पौष्टिक महत्व तथा प्राकृतिक जलाशयको संरक्षण जस्ता विषयमा जानकारी दिन स्कूल शिक्षा कार्यक्रम गरेको मत्स्य विकास अधिकृत पौडेलले जानकारी दिइन् ।

# कैलाश गाउँपालिकामा २१ हजार ८ सय ३० बाख्राहरूमा पिपीआर खोप लगाइयो

◆ विकास संवाददाता



मकवानपुरको कैलाश गाउँपालिकामा २१ हजार ८ सय ३० वटा बाख्राहरूमा पिपीआर खोप लगाइएको छ । बागमती प्रदेश सरकारले तय गरेको खोप अभियानमा पशु सेवा कार्यालयबाट प्राप्त भएको २२ हजार डोज पिपीआर खोप मध्ये २१ हजार ८३० डोज खोप लगाइएको गाउँपालिकाका पशु स्वास्थ्य प्राविधिक सन्दीप कुशवाहाले बताए ।

प्राप्त डोज अनुरूप भ्याम्सिनेटर मार्फत वडाका विभिन्न स्थानहरू र घर दैलोमै पनि पुगी खोप सञ्चालन गरि एको उनले बताए । गत माघ २४ गतेदेखि सुरु भएको खोप अभियानमा सबैभन्दा बढी वडा नम्बर ९ मा तीन हजार ७२० वटा बाख्रामा खोप लगाइएको कुशवाहाले बताए । भ्याम्सिनेटरले वडा नम्बर १ मा आठ सय, वडा २ मा एक हजार २४९, वडा ३ मा तीन हजार ६८, वडा ४ मा तीन हजार २८९ वटा बाख्रामा खोप लगाइएको छ । त्यस्तै, वडा ५ मा दुई हजार, वडा ६ मा पाँच सय, वडा ७ मा दुई हजार ६६, वडा ८ मा एक हजार ७२० र वडा १० मा तीन हजार ३४८ वटा बाख्रामा खोप लगाइएको कुशवाहाले बताए ।

भ्याम्सिनेटरले कृषक समूह, सहकारी तथा व्यक्तिगत फर्मका साथै घरदैलोमै पुगेर खोप अभियान सञ्चालन गरिएको गाउँपालिकाले जनाएको छ । पशुपालन तर्फ बाख्रा पाल्ने कृषकको संख्या बढ्नुका साथै भेडा/बाख्रामा लाग्ने पिपीआर रोगको नियन्त्रण र रोकथामका प्रदेश सरकारको निर्देश अनुरूप कार्यान्वयनमा खोप अभियान सञ्चालन गरिएको कृषि तथा पशु विकास शाखा प्रमुख राहुल सेन्चुरीले बताए ।


**अब हाम्रै थाहानगरको ओखरबजारमै**
छपाईको शुभारम्भ

**फ्लेक्स प्रिन्ट**
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340

**हाम्रा अन्य सेवाहरू**
- फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
- होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
- फ्लेक्स फोटो/मायाको चिनो तयारी
- प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
- कार्यक्रमको ब्याच तयारी
- विभिन्न डिजाइनका फ्रेमिङ
- फोटो स्टुडियो/पि.भि.सी. कार्ड

9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# थाहाका २४ एकल महिलालाई व्यावसायिक तरकारी खेती सम्बन्धी तालिम दिइयो

◆ विकास संवाददाता

मकवानपुरको थाहा नगरपालिकाका २४ जना एकल महिलालाई आयआर्जनका लागि व्यावसायिक तरकारी खेतीसम्बन्धी ३ दिने तालिम दिइएको छ । थाहानगरका एकल महिलाको आर्थिक अवस्था सबल बनाइ घरको आर्थिक अवस्था सक्षम बनाउने उद्देश्यले तालिम दिइएको हो ।

नगरपालिकाको महिला विकास शाखाको आयोजनामा भएको तालिममा नगर प्रमुख विष्णु बहादुर विष्टले भने–'एकल महिलालाई व्यावसायिक तरकारी खेतीमा आत्मनिर्भर गराई छोराछोरीको शिक्षा एवं परिवारमा सहयोग पुगोस् भन्ने लक्ष राखेका छौं ।' विष्टले एकल महिलालाई विभिन्न स्रोतमार्फत आयआर्जनमा सहयोग गर्दै स्वरोजगार बनाउनुपर्ने आवश्यकता औंल्याए ।

तीन दिने तालीममा बेमौसमी तथा मौसमी तरकारीखेती प्रविधि, नर्सरी स्थापना एवं व्यवस्थापन, तरकारी बाली, यिनका महत्व तथा मूल बीउ उत्पादनसम्बन्धी प्रशिक्षण दिइएको थियो । प्रशिक्षणमा माटो परीक्षण एवं



सुधार तथा तरकारी खेतीका लागि आवश्यक प्राङ्गारिक मल प्रयोगका बारेमा एकल महिला कृषकलाई सीप सिकाइएको महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले बताइन् ।

तालिममा सहभागी एकल महिलाहरूले तालीममा व्यावसायिक तरकारी तथा फलफूल खेतीका लागि जैविक विषादी बनाउने विधि, रोग पहिचान, बालीअनुसार जैविक विषादी प्रयोग गर्ने मात्राबारे प्रशिक्षण दिइएको थियो । तालीममा सहभागीहरूलाइ तरकारीको बीउ किन्नको लागि प्रतिमहिला ५ हजार रूपैयाँ टेवा रकम समेत वितरण गरिएको थियो ।

थाहा नगरपालिकाको प्रत्यक वडाको २ जना गरी २४ जना एकल महिलाहरूलाई जनकल्याण माध्यमिक विद्यालयका कृषि शिक्षकद्वय संगिता थापा र प्रशान्त गिरीले सहजीकरण गरेका थिए । तालिममा सहभागीहरूलाई थाहा नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत सुरेन्द्र प्रधानले प्रमाणपत्र तथा टेवा रकम प्रदान गरेका थिए । २२ फागुनदेखि सुरू भएको तालिम समापन समारोह थाहा ३ का कार्यवाहक वडा अध्यक्ष कृष्ण कुमार कार्कीको सभाध्यक्षतामा भएको थियो ।

# पालिकाका जनप्रतिनीधि र कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम

◆ विकास संवाददाता

थाहा नगरपालिकाको आयोजनामा जनप्रतिनीधि र कर्मचारीहरूका लागि तीनदिने क्षमता अभिवृद्धि तालिम २५ फागुनबाट शुरू भएको छ । तालिममा नगर प्रमुख तथा उपप्रमुखसहित वडाध्यक्षहरू, महाशाखा, शाखा प्रमुख र वडा सचिवहरूको सहभागिता रहेको छ ।

तालिमका सहभागीहरूलाई नेपाल सरकारका पूर्व सचिव कृष्णहरि बाँसकोटा तथा पूर्व सहसचिवद्वय महेन्द्र थापा र लक्ष्मी विलास कोइरालाले सहजीकरण गरिरहेका छन् ।

थाहानगर बज्रवाराहीको अध्याय रिसोर्टमा भइरहेको तालिममा सकारात्मक सोच, आन्तरिक नियन्त्रण प्रणाली, अन्तर तह समन्वय, पत्रव्यवहार, प्रतिवेदन लेखन, बैठक सञ्चालन प्रक्रिया, सञ्चार व्यवस्थापन, कार्यपालिका, नगरसभा सञ्चालन, टिप्पणी लेखन, बजेट तर्जुमा, राजश्व, सार्वजनिक खरिदलगायतको विषयमा सहजकर्ताहरूले सहजीकरण गर्ने कार्यक्रम छ ।

यसैबीच २५ फागुनमा एक समारोहकाबीच नगर प्रमुख विष्णु बहादुर विष्टले तालिमको उद्घाटन गरे । तालिमको उद्घाटन गर्दै प्रमुख विष्टले तालिममा सिकेका कुरा व्यवहारमा उतार्न आग्रह गरे । पालिकाको सेवा प्रवाहलाई थप चुस्त दुरूस्त बनाउनको लागि तालिमले सहयोग मिल्ने विष्टको विश्वास रहेको थियो । तालिमको उद्देश्यमाथि प्रकाश पार्दै प्रमुख प्रशाकीय अधिकृत सुरेन्द्र पाण्डले स्वागत गरेका थिए । प्रधानले जनप्रतिनीधि र कर्मचारीको क्षमता अभिवृद्धिले समग्र पालिकाको सेवा प्रवाह, सुशासनमा सकारात्मक परिवर्तन आउने बताए । कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, वडाध्यक्षहरू, शाखा प्रमुखहरू तथा वडा सचिवहरूको सहभागिता रहेको थियो ।

# नि:शुल्क स्वास्थ्य शिविरमा ४ सय बढिको स्वास्थ्य परीक्षण

◆ विकास संवाददाता

थाहानगरको पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको आयोजना तथा मनमोहन मेमोरियल शिक्षण अस्पतालको प्राविधिक सहयोगमा भएको नि:शुल्क स्वास्थ्य शिविरमा चार सय बढिले स्वास्थ्य परीक्षण गराएका छन् । सहकारी संस्थाको प्रागणमा भएको शिविरमा स्त्रीरोग, हाडजोर्नी, नाक कान घाँटी सहित भिडियो एक्सरे सुबिधा सहित स्वास्थ परीक्षण गरिएको थियो ।

मनमोहन मेमोरियल शिक्षण अस्पतालबाट आएका डाक्टर मुज श्रेष्ठको नेतृत्वमा अस्पतालका सिनियर सर्जन नेतृत्त्वमा डा.मनोर दिन सैयद (स्त्री तथा प्रसुती), डा.निराजन सुबेदी (हाडजोर्नी तथा नशा), डा.इबराज सिम्खडा (फिजिसियन ररेडियोलोजीं, डा.दिबित अधिकारी (नाक,कान,घाटी), डा.राजेन्द्र ढुंगाना (जनरल मेडिसिन), पदम खड्का (फार्मेसी), सन्जिब गिरी (फार्मेसी), सुनिला श्रेष्ठ (नर्सिंग),संजिव कंडेल (अस्पताल प्रशासन) रंजित गिरीले (फार्मेसी र ब्यबस्थापन) सहितको विशेषज्ञ टोलिले स्वास्थ्य परीक्षण गरेका थिए । स्त्री रोग सम्बन्धि उपचारका लागि लक्षित गरिएको शिविरमा पाठेघरको अपरेशन गर्नुपर्ने गरि पहिचान भएका विरामीहरूलाई अपरेशनको लागि अस्पतालमा रिफर गरिएको छ । शिविरबाट रिफर भएका महिलाहरूको नि:शुल्क अपरेशन गर्ने व्यवस्था मिलाइएको छ । नि:शुल्क स्वास्थ्य शिविरमा स्वास्थ्य सेवासँगै नि:शुल्क आवश्यक औषधिको वितरण गरिएको थियो। शिविरमा १ सय १० जनाको भिडियो एक्सरे सेवा लियको तथा पाठेघरमा मासु पलाएको २ जना, पाठेघरको मुखको भीआइए १ सय २७ जना, २० जनाको एलबीसी, डिम्बको सीवाइएसटी १ जना र शिविरमा १ सय ५० जना महिलाले स्त्रीरोग विशेषज्ञबाट पाठेघरको चेकजाँच गरियको सिनियर डाक्टर मुज श्रेष्ठले जानकारी दिए ।

शिविरमा सामान्य चिकित्सय रूघाखोकी, ज्वरो, दम, छाती ७० जना, जनरल सर्जरी ४० जना, पाइल्स २८ जना, शरीरमा गाठागुठी १५ जना, हाडजोर्नी १५० जनाले स्वास्थ्य परीक्षण गरिएको हो। शिविरमा खासगरी महिलाहरू पाठेघरको समस्या र हाडजोर्नीको समस्या लियर आएको उपचारमा संलग्न चिकित्सक डाक्टर मनोरदिम सैयादले बताए । शिविरमा माइग्रेनका समस्या भएका बिरामिले पनि स्वास्थ्य उपचार गराएका थिए ।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा आयोजित नि:शुल्क स्वास्थ्य शिविरको थाहा नगरपालिकाका उपप्रमुख भरत गोपालीले उद्घाटन गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उपप्रमुख गोपालीले ११५ औं नारी दिवसको शुभकामना दिदै रोग पालेर नबस्न आग्रह गर्दै विशेष महिलाहरूमा हुने रोगको समयमानै पहिचान गरी रोगको रोकथाम गर्न आग्रह गरे। गोपालीले नगरमा अस्पताल निर्माणको चरणमा रहेकोले यस्ता स्वास्थ्य शिविरले जनस्वास्थ्यमा जनताको पहुँच पुर्याउन मद्दत गर्ने गरेको बताए ।

आयोजक संस्थाका अध्यक्ष कृष्ण बहादुर बिष्टले संस्थाले आफ्नो सामाजिक उत्तरदायित्व अन्तर्गत विभिन्न सामाजिक कार्यक्रम आयोजना गर्दै आएको बताए । विष्टले वार्षिक कार्यतालिका नै बनाएर यस्तो कार्यक्रम गर्ने जानकारी दिए । उनले मनमोहन मेमोरियल अस्पतालमा पालुङ बहुउद्देश्यीय संस्थाको सदस्यहरूलाई २५ प्रतिशत छुटमा उपचार गर्ने व्यवस्था समेत मिलाइएको जानकारी दिए ।

## थाहा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### इन्द्रायणी चौर, मकवानपुर

### उपभोक्ता हित संरक्षणमा जारी सूचना

उद्योग तथा व्यवसायका लागि :

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढक, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र विक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुन: तौल गर्न लगाउने ।
६ नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव) हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ ।
११ खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. वासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

वस्तु तथा सेवामा समान पहुँच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुऱ्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।



समयमै व्यक्तिगत घटना दर्ता गरौं।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# हेटौँडा अस्पतालमा मुटु रोग सम्बन्धी सेवा विस्तार गर्ने हुने

◆ विकास संवाददाता

हेटौँडा अस्पतालले मुटु रोग सम्बन्धी सेवा विस्तारको तयारी गरेको छ । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले हेटौँडा अस्पतालमा आगामी साताबाटै सेवा विस्तारको तयारी गरेको हो । विगत लामो समयदेखि प्रयास गर्दा पनि अस्पतालमा उक्त सेवा सुरू गर्न कठिन भएको थियो । विषेशगरी अस्पतालमा विशेषज्ञ डाक्टर नहुँदा सेवा सञ्चालनमा बाध पुगेको थियो । अस्पतालमा सो सेवा सञ्चालनको उपकरण हुँदा पनि जनशक्ति नहुँदा सेवा सञ्चालनमा बाधा पुगेको थियो ।

मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार तथा हेटौँडा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष भीमसागर गुरागाईँका अनुसार सम्भव रहेसम्म आगामी आइतबार बाट सेवा सञ्चालनको तयारी गरिएको छ । यसैसाता सेवा थप गरी उपचार कार्य अघि बढाउने तयारी गरिए पनि व्यवस्थापनको काम पुरा नहुँदा समस्या भएको उनले बताए ।

टिचिङ अस्पतालमा अध्ययनरत मुटु रोग विशेषज्ञ डा. विकेश श्रेष्ठ अस्पतालमा हाजिर भए लगत्तै सेवा सञ्चालनको तयारी गरिएको उनले बताए । अस्पतालमा रहेको उपकरण र डा. पनि प्राप्त भएपछि सेवा विस्तारको तयारी गरेको उनको भनाई छ । अस्पतालमा उक्त सेवा थप भयसँगै मुटु सम्बन्धी स्वास्थ्य समस्या हुँदा भरतपुर तथा काठमाडौँ जानुपर्ने बाध्यता अन्त्य भएको उनले बताए ।




अस्पतालमा मुटु रोग विशेषज्ञ प्राप्त भयसँगै उपचार र इको, ईसीजी, टीएमटी जस्ता परीक्षण गर्न बाहिर जानुपर्ने बाध्यता हटेको उनको भनाई छ । रजिष्ट्रर गुरागाईँका अनुसार हेटौँडा अस्पतालमा गत २०८० सारमा नै मुटु रोग सम्बन्धी उपचार तथा परीक्षणका लागि उपचार हरू प्राप्त भएको थियो । मुटु रोग विशेषज्ञ नहुँदा उक्त उपकरण थन्किएर रहेको थियो । विशेषज्ञ डा.को अभावमा मुटु रोगीका जाँचका लागि ल्याइएको उपकरण विगत एक वर्षदेखि थन्किएको थियो ।

मकवानपुर रोटरी क्लबले हेटौँडा उपमहानगरपालिकासंगको साझेदारीमा १ करोड रूपैयाँ मूल्य बराबरको मुटु परीक्षण उपकरण अस्पताललाई उपलब्ध गराएको थियो । सो उपकरण प्राप्त भयसँगै अस्पतालले मुटु रोग सम्बन्धी विशेषज्ञ डाक्टर नियुक्तिको पहल गरेको थियो । तर, डाक्टर नपाउँदा सेवा विस्तारको काम अघि बढ्न सकेको थिएन ।

बिरामीको अत्यधिक चाप रहने अस्पतालमा चिकित्सक नभएर उपकरण थन्काउन बाध्य भयसँगै प्रतिष्ठानले पटक पटक पहल गरेपछि सङ्घीय सरकारले टिचिङबाट अध्यापन गरेका डा. श्रेष्ठलाई पठाएको रजिष्ट्रार गुरागाईँले बताए । प्रतिष्ठान र अस्पतालले गत वैशाखमा पनि विशेषज्ञ डाक्टर नियुक्तिका लागि आवेदन माग गरेको थियो । माग अनुसार एक जना चिकित्सकको आवेदन परेपनि मापदण्ड अनुकूल नहुँदा नियुक्त गर्न कठिन भएको थियो ।

प्रतिष्ठानले गत फागुन १३ मा पनि एक जना मुटु रोग विशेषज्ञ नियुक्तिका लागि आवेदन माग गरेको उनले बताए । अस्पतालबाट तत्काल मुटु रोग सम्बन्धी ओपिडी सेवा सञ्चालन गरिने र माइनर अपेरेशनहरू गर्न भने बाहिरी जिल्ला जानु पर्ने उनले बताए । २ चिकित्सकबाट हाल उपचार तथा परीक्षण गर्ने र क्रमशः व्यवस्थापन गर्दै आगामी वर्षमा थप विशेषज्ञ सेवा सहित सर्जरी लगायतका सेवा विस्तार गर्ने योजना रहेको उनको भनाई छ ।

# चुनाव सम्झेर बर्तमान अवसरलाई खेर फाल्न हुन्न–महामन्त्री शर्मा

◆ विकास संवाददाता

नेपाली काँग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले २०८४ को चुनाव सम्झेर बर्तमान अबसरलाई खेर फाल्न नहुने बताएका छन् । अरू काम छाडेर चुनावको मात्र चर्चा गर्नु उपयुक्त नभएको उनको भनाइ थियो ।

मकवानपुरको मनहरी गाउँपालिकामा २२ फागुनमा आयोजित अगुवा कार्यकर्ता भेलालाई सम्बोधन गर्दै उनले बर्तमानमा नेपाली काँग्रेसले प्राप्त गरेको उपलब्धिको अधिकतम उपयोग गरेर जनहितकारी काम गर्नुपर्नेमा जोड दिए । उनले भने– 'धेरैले २०८४ सालको चर्चा गर्छन्, हामीले गर्नेगरेका छौं । तर अहिले क्रियाशील जनप्रतिनिधिहरूले २०८४ किन पर्खनुपर्ने, अहिल्यै जनतासामु देखिने काम गर्नु पर्दैन ?'

उनले २०७९ सालको चुनावदेखि २०८४ साल र २०८४ देखि २०८९ सालभन्दै चुनावको मात्र चिन्ता गरिरहने हो भने देशको बारेमा कहिल्यै चिन्ता लिने भन्दै प्रश्न गरे । । अन्य राजनीतिक पार्टी र विपक्षीलाई गाली नगरी पनि राजनीति गर्न सकिने स्पष्ट पार्दै राजनीतिक शब्दावलीमा गाली भन्ने शब्द नै प्रयोग गर्न नहुने उनको भनाइ छ । अहिले देखिएको अराजक शक्ति र समूहले समस्या उचाल्न मात्र जान्ने तर समाधानमा ध्यान दिन नसक्ने भन्दै उनले समग्र देशको समस्या समाधानका लागि




इतिहासदेखि नै काँग्रेसले भूमिका निर्बाह गरिरहेको बताए । उनले सरकारको स्थायित्वका लागि नेकपा (एमाले) सँग सहकार्य गरिएको स्पष्ट पार्दै जनताका हितका लागि प्रस्तुत भएको अध्यादेश संसदबाट पारित गरिएको र भूमि व्यवस्थासम्बन्धि अध्यादेश खारेज नभएको स्पष्ट पारे ।

'भूमिसम्बन्धी अध्यादेश मुल्तबीमा र ाखिएको मात्र हो, जनताले जग्गा पाउने बिषय कुनै पनि हालतमा मुल्तबीमा राखिरहनु हुँदैन भन्नेमा हामी स्पष्ट छौं', उनले भने । केही समयभित्र उक्त अध्यादेशले पनि सही ढंगले निकास पाउने र जनताले जग्गाको स्वामित्व प्राप्त गर्नेमा आफू विश्वस्त रहेको उनको भनाइ छ । नेपाली काँग्रेस बागमती प्रदेशका सभापति तथा बागमती प्रदेश सभा सदस्य इन्द्रबहादुर बानियाँले स्थानीय तहका जनप्रतिनिधि र पार्टी नेतृत्वबिच निरन्तर छलफल र अन्तरक्रिया भएर अघि बढ्नुपर्नेमा जोड दिए । काँग्रेस मनहरी गाउँपालिका सभापति प्रकाश बर्तौलाको सभाध्यक्षतामा भएको कार्यक्रममा नेपाली काँग्रेसका विभिन्न तहका नेताहरूले सम्बोधन गरेका थिए ।

**बालबालिकामा शिक्षाको पहुँच पुर्‍याऔं !**

– उमेर पुग्ने वित्तिकै बालबालिकालाई विद्यालय भर्ना गरौं,
– विद्यालयमा बालबालिका रमाउने वातावरण सिर्जना गरौं,
– घरपरिवारमा सिकाइको वातावरण तयार गरौं,
– बालबालिका मैत्री शिक्षण सामग्री प्रयोग गरौं,
– बालबालिकाको रुचिबमोजिम खेल्दै, पढ्दै सिक्ने वातावरण निर्माण गरौं,
– बालबालिकाको फरक क्षमता अनुसार सिकाईको अवसर प्रदान गरौं,
– बालबालिकालाई पढाईका साथसाथै अतिरिक्त क्रियाकलापमा समेत सहभागी गराऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**बाल विवाह नगरौं**

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : संगम आर्टस्, हेटौंडा–२ ● कार्यालय : थाहा–४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी